DOI: https://doi.org/10.3126/gyanjyoti.v3i1.53050 

# मोदिआइन उपन्यासमा लैङ्गिक अभिघात

सीता अधिकारी थापा
उपप्राध्यापक
नेपाली विभाग
महेन्द्र बहुमुखी क्याम्पस, धरान, त्रिभुवन विश्वविद्यालय, नेपाल
Email: adhikari.sitath@gmail.com

## लेखसार

*प्रस्तुत लेख 'मोदिआइन' उपन्यासको लैङ्गिक अभिघातको विषयमा केन्द्रित रहेको छ । महाभारत युद्धको पृष्ठभूमिमा रचित 'मोदिआइन' उपन्यासमा लैङ्गिक अभिघातको प्रयोग रहेको छ भन्ने मूल शोध्यसमस्या रहेको छ । यस लेखमा अभिघातका विविध स्वरूपमध्ये लैङ्गिक अभिघातको प्रयोग र त्यसबाट प्रभावित नारीपात्रका व्याख्याविश्लेषण गर्नु यस लेखको प्रमुख उद्देश्य रहेको छ । अभिघातलाई साहित्यसमालोचनामा मनोविश्लेषणसँग निकट सम्बन्ध राख्ने सैद्धान्तिक मान्यताका रूपमा व्याख्या गरिएको पाइन्छ तापनि यसले अन्तर्अनुशासनात्मक उत्तरवर्ती सिद्धान्तका रूपमा स्वतन्त्र पहिचान विकसित गरेको देखिन्छ । युद्ध तथा युद्धजन्य सन्त्रासले व्यक्तिको मूलतः मानसिक र शारीरिक पक्षमा परेको आघातको परिणामसँग अभिघात सम्बद्ध रहेको देखिन्छ । यसै आधारमा प्रस्तुत 'मोदिआइन'उपन्यासका पात्रहरू युद्धजन्य अभिघातबाट विभिन्न रूपमा प्रताडित रहेकाले तिनको अभिघात सिद्धान्तका रूपमा अध्ययनविश्लेषण गर्न उपयुक्त देखिएका छन् । उपन्यासमा पूर्वाभिघात र पश्चाभिघातका स्वरूपको प्रयोग रहेको तथा विशेष रूपमा नारी पात्रहरू मानसिक सङ्घातबाट अत्यधिक उत्पीडित भई त्यसको दुष्परिणाम युगौँयुगसम्म भोग्न विवश रहेका तथ्य निष्कर्षका रूपमा प्राप्त भएको छ । यसैलाई उपन्यासमा प्रयुक्त लैङ्गिक अभिघातका रूपमा विवेचना गर्दै गुणात्मक पद्धतिद्वारा उपन्यासको पाठकेन्द्री व्याख्याविश्लेषण विधिमार्फत निष्कर्ष प्रस्तुत गरिएको छ ।*

*शब्दकुञ्जी : मानसिक सङ्घात, मिथकीय पुनर्सिर्जन, युद्धजन्य सन्त्रास, वैचारिकता, युद्धाभिघात ।*

## विषयपरिचय

'मोदिआइन' आख्यानकार विश्वेश्वरप्रसाद कोइराला (१९७१–२०३९)द्वारा रचित औपन्यासिक कृति हो । प्रस्तुत उपन्यासमा महाभारतको कुरूक्षेत्रको युद्धका प्रसङ्ग वा मिथकीय घटनालाई कथ्यको आधारका रूपमा लिइएको छ । मिथकीय पुनसिर्जनको रूपमा रहेको 'मोदिआइन' उपन्यासमा महाभारतकालीन सभ्यता र संस्कृतिको पुनर्व्याख्या गर्दै भिन्न वैचारिक दृष्टिकोण प्रस्तुत गरिएको छ । हिन्दूहरूको आस्थाको केन्द्र र समस्त दर्शनको सार मानिने गीतादर्शनप्रति तार्किक असहमति जनाउँदै धर्मका नाममा हुने गरेका युद्धका मानव विनासकारी पक्षमाथि प्रस्तुत उपन्यासमार्फत प्रश्न उठाइएको छ । काराबासभित्र एकान्तमा निरस जीवन बिताउनु पर्दाका क्षणमा आफूले अध्ययन गरेका विभिन्न धर्मग्रन्थहरूबाट मानसिक शान्ति नमिल्दाको अवस्थामा यस उपन्यासको रचना गरिएको हो भन्ने उपन्यासकारको स्वीकारोक्ति रहेको पाइन्छ । विश्वका समस्त धर्महरूको सार मानवजातिको कल्याण भएकोतर्फ सङ्केत गर्दै गीतादर्शनलाई समयसन्दर्भानुरूप पुनर्व्याख्या गर्दै 'मोदिआइन' उपन्यासमा मानवतावादी विचारदर्शनको प्रतिपादन र व्याख्या गरिएको छ । यस उपन्यासमा संहारकारी युद्ध

विभीषिकाले मानसिक र भौतिक रूपमा मानवअस्तित्वमाथि सङ्घात र सङ्कट पैदा गरेकाले यसको अन्त्य हुनुपर्ने पक्षमा सशक्त विचार अभिव्यक्त भएको छ । मानवतावादी वैचारिक चिन्तनकै केन्द्रीयतामा महाभारतकालीन युद्धका पुराकथा (मिथक)को आवरण लगाइनुका साथै गीतादर्शनको युगीन र समयसापेक्ष पुनर्व्याख्या गरिनुपर्ने विचार अभिव्यक्त भएको पाइन्छ । आधुनिक नेपाली साहित्यका आख्यान विधाका उपन्यास कृतिहरू विधातात्त्विक दृष्टिकोणबाट विविधतापूर्ण रहेका छन् । विविध ज्ञानमीमांशाका कोणबाट प्रशस्त अध्ययनीय रहेका कोइरालाका औपन्यासिक कृतिहरूमाथि विभिन्न सैद्धान्तिक आधारबाट अध्ययन अनुसन्धान भइरहेको पाइन्छ । विभिन्न स्थापित सैद्धान्तिक मान्यताका कसीमा अध्ययन गरेका अध्येताहरूमध्ये कृष्णचन्द्रसिंह प्रधान (२०५२) हरिप्रसाद शर्मा (२०६१), ज्ञानू पाण्डे (२०६२), मोहनराज शर्मा (२०६६), भाउपन्थी (२०७०) लगायतले मोदिआइन उपन्यासको मनोविश्लेषणात्मक यथार्थवादी, अस्तित्ववादी तथा वैचारिकताका सैद्धान्तिक कोणबाट विश्लेषण गर्दै यसलाई मानवतावादी वैचारिक चिन्तनको गहकिलो औपन्यासिक प्राप्ति मानेका छन् । तर यस उपन्यासको अभिघातका कोणबाट अध्ययन नभएकाले यही रिक्तताको पक्ष शोध्य विषयका रूपमा रहेको देखिन्छ ।

साहित्य समालोचनाको क्षेत्रमा विकसित हुँदै आएका उत्तरवर्ती मान्यताहरूमध्येको एक अभिघात सिद्धान्त हो । 'अभिघात' अङ्ग्रेजी 'ट्रमा' को नेपाली रूपान्तरणमा प्रचलित शब्द हो । 'अभिघात'को अर्थ मानिसले विभिन्न कारणबाट भोग्नुपर्ने वा भोग्न बाध्य शारीरिक, मानसिक चोट र पीडाको सङ्घातपूर्ण अवस्था भन्ने बुझिन्छ । विभिन्न किसिमका शारीरिक, मानसिक आघातबाट जुनसुकै उमेर वा वर्गविशेषका मानिस प्रताडित हुन सक्दछन् । मानवजीवन अनेकौं घटनाहरूको संयोग रहने हुनाले मानिस कुनै न कुनै समय त्रासदीपूर्ण आन्तरिक र बाह्य आघात सङ्घातबाट ग्रसित हुन पुग्दछ । साहित्यिक रचनाकृतिको अध्ययन, विश्लेषणमा प्रयुक्त विविध उत्तरवर्ती नवीन चिन्तनहरूमध्येको अभिघात सिद्धान्त पनि एक मानिन्छ । युद्धका प्रकृतिअनुसार व्यक्तिमा अभिघातका स्वरूप भिन्न हुने तथा अनेक प्रकारका त्रासदीपूर्ण आघातबाट समाजका महत्त्वपूर्ण हिस्सा महिला, बालबालिका तथा बृद्धबृद्धाहरू असहाय र भयाक्रान्त भएर निरास व्यर्थ जीवन बाँच्नु परेको यथार्थ पक्ष हरेक युगको कहालीलाग्दो विडम्बना बनेको छ । भौतिक तथा आत्मिक कुनै पनि माध्यमबाट मानिसमा लागेको शारीरिक चोट तथा मानसिक चोटको प्रकटीकरणको स्थिति अभिघात हो । प्राकृतिक तथा मानवनिर्मित हिंसाले उत्पन्न गरेको अभिघातीय समस्याका बारेमा साहित्यका माध्यमबाट प्रस्तुत गर्दै त्यसका प्रभाव र असरका बारेमा गहन अध्ययन गर्ने अभिघात पद्धति विस्तारित हुँदै गएको छ । अनेकौं त्रासद अवस्थाबाट सिर्जित मानवीय संवेदनाहरू साहित्यमा खोजी गरिने विधि अभिघातको सैद्धान्तिक आधार हो र यसका बारेमा क्याथी क्यारूथले सन् १९९६ मा आफ्नो लेखमार्फत साहित्यसमालोचनामा प्रस्तुत गरेकी हुन् । पहिले मनोरोगी तथा घाइतेको उपचारको क्रममा अभिघातको प्रयोग गरिँदै आएको थियो भने पछि यही मानसिक सङ्घातको अध्ययन विधिमा परिणत भएको देखिन्छ । मनोविश्लेषणसँग जोडिएको तर अलग नवीन मान्यतासहित स्थापित उत्तरआधुनिक अभिघात सिद्धान्तले मूलतः द्वन्द्व, युद्ध र युद्धजन्य परिणतिसँग विशेष चासो राखेको पाइन्छ ।

लिङ्ग भेदका आधारमा विभिन्न किसिमका पीडा, हिंसा वा अन्य शारीरिक मानसिक आघात/व्याघात भोग्नु पर्ने अवस्था लैङ्गिक अभिघात हो । सामान्य रूपमा प्राकृतिक आधारमा मानिसका नारी र पुरुष दुई लिङ्ग मान्ने परम्परित मान्यता स्थापित रहे पनि लैङ्गिक अध्ययनको दृष्टिले समलिङ्गी, तेस्रो लिङ्गी तथा संदिग्ध आदि पनि महत्त्वपूर्ण मानिन्छन् । सामाजिक, सांस्कृतिक निर्मितिका रूपमा रहेको लैङ्गिक विभेदका कारण विविध प्रकारका शारीरिक तथा मानसिक हिंसा, नारीहरूले अभिघातजन्य अवस्थाको सामाना गर्नुपर्ने देखिन्छ ।

DOI: https://doi.org/10.3126/gyanjyoti.v3i1.53050 

'मोदिआइन' उपन्यासमा महाभारतकालीन समाज र युद्धका विध्वंसात्मक परिणतिलाई पुनर्सिर्जन गर्दै यसमा रहेका अभिघातका अभिलक्षणहरू प्रस्तुत छन् । उपन्यासमा प्रस्तुत युद्धजन्य परिस्थितिबाट आफ्ना प्रियजन गुमाएका पात्रपात्राका मानसिक लैङ्गिक सङ्घातको दुष्परिणतिका दूरगामी असरहरू मार्फत अभिव्यञ्जित भएका छन्, तिनका बारेमा अभिघात सिद्धान्तअनरूप अध्ययनविश्लेषण हुनु आवश्यक रहेको देखिन्छ । अविश्वास, द्वन्द्व र काटमारको महाभारत श्रृङ्खलाले युद्धमा प्रत्यक्ष संलग्न व्यक्तिका साथै उसका घरपरिवारका असङ्ख्य सदस्यहरू मानसिक सङ्घातको गहिरो पीडा भोग्न विवश रहेका तथ्यलाई वर्तमान साहित्यमार्फत प्रस्तुत गरिएको छ । मानसिक सङ्घातबाट ग्रसित नारी चरित्रको मनोदशा 'मोदिआइन' उपन्यासले सशक्त रूपमा अङ्कित गरेको अर्को महत्त्वपूर्ण पाटो हो । त्यस युद्धमा आफ्ना पति, प्रेमी आदि गुमाएर विह्वल भई तिनैको यादमा युगौंयुगसम्म भड्किएर हिडेका नारीआत्माको सङ्घातलाई विभिन्न तरिकाले उद्‌बोध गर्नुपर्ने देखिन्छ । यस उपन्यासलाई अभिघातीय दृष्टिकोणबाट पनि अध्ययन विश्लेषण गर्न सकिने पर्याप्त आधारहरू देखिएकाले लैङ्गिक अभिघातको विवेचना गरिएको छ ।

**समस्याकथन र उद्देश्य**

आधुनिक नेपाली साहित्यको चर्चित औपन्यासिक कृति *मोदिआइन* अभिघात सिद्धान्तका आधारमा अध्ययनीय रहेको देखिन्छ । प्रस्तुत लेखमा मोदिआइन उपन्यासमा लैङ्गिक अभिघातको विषय प्रमुख समस्या रहेको छ भने त्यसकै परिधिमा निम्न शोध्य समस्याहरू रहेका छन् :

- 'मोदिआइन' उपन्यासमा अभिघातका केकस्ता अभिलक्षणहरू रहेका पाइन्छन् ?
- 'मोदिआइन' उपन्यासमा लैङ्गिक अभिघातको प्रयोग कसरी भएको देखिन्छ ?

प्रस्तुत लेखको मुख्य उद्देश्य समस्याकथनमा उल्लेख गरिएका मूल शोध्यसमस्याको संज्ञान प्राप्त गर्नु रहेको छ । यसै मूल समस्यासम्बद्ध अन्य शोध्यप्रश्नहरूको अभिघात सिद्धान्तमा आधारित रहेर मोदिआइन उपन्यासको लैङ्गिक अभिघातका पक्षको विवेचना गर्नु रहेको छ ।

## शोधविधि तथा सामग्री

प्रस्तुत मोदिआइन उपन्यासको लैङ्गिक अभिघात अध्ययनका निम्ति प्राथमिक स्रोत सामग्रीका रूपमा *मोदिआइन* उपन्यास रहेको छ । त्यसैगरी यस उपन्यास र अभिघातसम्बद्ध विभिन्न शोध-अनुसन्धान, पुस्तक, पत्रपत्रिका आदिलाई द्वितीयक सामग्रीका रूपमा पुस्तकालयीय स्रोतबाट सङ्कलन गरिएको छ । यस अध्ययनमा सामग्री विश्लेषणका लागि गुणात्मक पद्धतिको प्रयोग गर्दै व्याख्यात्मक विश्लेषणात्मक विधिको प्रयोग गरिएको छ । कृतिको अभिघात पक्षको विश्लेषणमा विधासिद्धान्तको कृतिपरक वा पाठकेन्द्री ढाँचामा अभिघात सिद्धान्तअनुरूप मूल्य निरूपण गरिएको छ ।

**सैद्धान्तिक पर्याधार : अभिघात**

प्रस्तुत '*मोदिआइन* उपन्यासमा लैङ्गिक अभिघात' अध्ययनको प्रमुख सैद्धान्तिक आधार अभिघात सिद्धान्त रहेको छ । विश्वसाहित्यमा उत्तरवर्ती समयमा विकसित भएका विभिन्न नवीन साहित्यिक मान्यता एवम् चिन्तनहरूमध्ये एक अभिघात अन्तर्विषयक सिद्धान्त हो । विश्वसाहित्यमा पहिलो र दोस्रो विश्वयुद्धका परिणमस्वरूप मानव जातिले भोगेको अवर्णनीय क्षति र पीडाले जन्माएका नवीन चिन्तनहरूसँगै अभिघातीय विचारको प्रादूर्भाव भएको देखिन्छ । सोही वैचारिक चिन्तनले क्रमशः सैद्धान्तिक स्वरूप ग्रहण गर्दै विकसित भएको अभिघात सिद्धान्तले

विभिन्न कारणबाट आन्तरिक र बाह्य सङ्घात भोग्न बाध्य भएका मानिसको अध्ययन गरिदै आएको छ । सन् साठीको दशकदेखि नै चिन्तनमा देखिएको अभिघातका सैद्धान्तिक अवधारणाको व्याख्या गर्ने प्रचलन सन् १९७५ पछिका वर्षहरूमा भएको हो(सुवेदी, २०७३, पृ. ४८) । साहित्यसमालोचनामा जेफ्री हार्टम्यान, क्याथी क्यारुथ, सोसना फेलमैन आदिद्वारा सन् १९९० को दशकमा अभिघात सिद्धान्तको विकास गरिएको हो । यसले अभिघात साहित्यलाई नवीन दृष्टिकोणबाट हेर्ने पद्धतिलाई स्थापित गर्नुका साथै साहित्यमा अभिव्यक्त अभिघातका कारण, परिणति र उद्देश्यको चित्रण गर्दछ । नेपाली साहित्यसमालोचना परम्परित वा स्थापित ज्ञानमीमांशाकै आधारमा विकसित हुँदै आएको देखिन्छ तापनि यसले विश्वसाहित्यमा देखा परेका मूल्यमान्यता एवम् चिन्तनलाई पनि आत्मसात गर्दै आएको छ । यसै क्रममा नेपाली साहित्य समालोचनामा अभिघात सिद्धान्तलाई चर्चामा भित्र्याउने समालोचक गोविन्दराज भट्टराईले अभिघात चेतना फ्रायडको पालादेखि मनोविश्लेषणका रूपमा अध्ययन विश्लेषण हुँदै आएको र नेपाली साहित्यमा असचेत रूपमै पनि पहिलेदेखि अभिघात साहित्य लेखिँदै आएकाले तिनको मूल्याङ्कन गर्न अभिघात सिद्धान्तको प्रयोग गर्नुपर्ने विचार अभिव्यक्त गरेका छन् (भट्टराई, २०६४, पृ.२२०) । नृवंशीय विकासक्रममा मानिसले परापूर्व कालदेखि नै विभिन्न किसिमका प्राकृतिक र निर्मित आघात/सङ्घातहरू व्यहोर्दै आजको अवस्थासम्म आइपुग्दा यसका प्रकृति, प्रवृत्ति र प्रभावमा पनि निरन्तर भिन्नता देखिन्छ । मोहनराज शर्माका अनुसार अभिघात (ट्रमा) भनेको मानसिक घाउ पार्ने अतीतको पीडादायी अनुभूति हो । अभिघात दैहिक र मानसिक दुवै हुन्छ तर मनोविज्ञान र साहित्यमा मानसिक अभिघातलाई महत्त्व दिइएको छ (शर्मा, २०६६, पृ. ६२)। विभिन्न कारणबाट सिर्जित अभिघातको अवस्थाले मानिसलाई क्षणिकभन्दा पनि दीर्घकालीन असर पारिरहेको तथ्यहरू साहित्यिक विधामा घटना, चरित्रमार्फत अभिव्यक्त भएका पाइन्छन् । साहित्यमा अभिघातले शारीरिक वा मानसिक आघातले पीडित भएका पात्रपात्राको वर्णन वा तिनीहरूमा आधारित आख्यानलाई जनाउँदछ । मानव समुदायले विभिन्न कारणले सामाजिक, राजनीतिक, पारिवारिक सद्भाव र सन्तुलन बिग्रेको अवस्थामा बेहोर्नु पर्ने परिणामको स्वरूप वाह्य अभिघात हो भने धार्मिक, सांस्कृतिक, मनोवैज्ञानिक, आर्थिक रूपमा बेहोर्नु पर्ने परिणामको स्वरूप आन्तरिक अभिघात हो (सुवेदी, २०७३, पृ.४७) । प्रथम विश्वयुद्धको त्रासदी र विभीषिकाबाट आतङ्कित समयमा अभिघात चेतना जागृत भएको तथा द्वितीय विश्वयुद्धको प्रलयकारी मानवसंहारबाट यो अझै विकसित भएको देखिन्छ ।

साहित्य सिर्जना र समालोचनाको क्षेत्रमा महत्त्वपूर्ण मानिएको अभिघात सिद्धान्त उत्तरवर्ती पाश्चात्य देन हो । साहित्य मानव, समाज र जीवनको प्रतिविम्बात्मक अभिव्यक्ति भएकाले त्यसमा घटना र चरित्रका माध्यमबाट अभिघातले स्थान पाएको हुन्छ भन्ने कुरा हाम्रा पूर्वीय प्राचीन ग्रन्थहरू महाभारत, रामायण तथा पाश्चात्य साहित्यका किङ्ग इडिपसजस्ता रचनाकृतिहरूबाट थाहा हुन्छ भने तिनैलाई आधार मानी पुनर्सिर्जन गरिएका लगायत अन्य असङ्ख्य रचनाबाट पनि साहित्यमा विविध स्वरूपमा अभिघातको उपस्थिति पाइन्छ । पाश्चात्य साहित्यमा अभिघात सिद्धान्तको स्थापना र साहित्यिक अध्ययनका निम्ति ज्याक डेरिडाको महत्त्वपूर्ण भूमिका छ भने अभिघात अध्ययनलाई विकसित पार्ने प्रमुख व्यक्तित्व जेफ्री हार्टम्यान हुन् (शर्मा, २०७१, पृ. ५९) । विभिन्न समयसन्दर्भ तथा व्यक्तिहरूको योगदानबाट विकसित भएको अभिघात सिद्धान्तले प्राकृतिक र मानवनिर्मित दुई प्रकारका स्रोतबाट शारीरिक, मनोवैज्ञानिक र लैङ्गिक गरी तीन किसिमका अभिघातका स्वरूप निर्मित हुन्छन् भन्नेमा जोड दिएको छ । सामाजिक सांस्कृतिक व्यवहारमा मानिसलाई विभिन्न लैङ्गिक वर्गमा बाँडिएको पाइन्छ । विभिन्न कारणवश लिङ्गका आधारमा भोग्नु परेका शारीरिक तथा मानसिक अभिघातलाई लैङ्गिक अभिघात भनिन्छ । मानवीय इतिहास मानिसको प्रगति, विजय, सफलता, स्वतन्त्रता आदिको कथा मात्र नभई उसका

जीवनसँग जोडिएका यावत् दुःखकष्ट, पीडा, समस्या, असफलताको समष्टि कथा पनि भएकाले अभिघात सिर्जना गर्ने र छोपिएका ती पाटोहरूलाई पनि अभिघातको विषय मानिन्छ भन्ने क्याथी क्यारूथले आफ्नो पुस्तक *अनक्लेम्ड एक्सपिरियन्स*मा उल्लेख गरेकी छन् (सुवेदी, २०७६, पृ. १४५)। संसारमा विनाशका सूचकहरूको वृद्धिसँगै मानवीय संवेदनामाथि प्रहार भई अनेकौं आघातको सामना गर्नुपर्ने विविध पाटो ओभ्फेलमा परेका देखिन्छन् । पात्रको विचलित अवस्था आरम्भ हुनुपूर्वको अवस्थालाई पूर्वाभिघात तनाव अवस्था (Pre traumatic stress disorder) अथवा PTSD भनिन्छ र उत्तर अभिघातको तनाव अवस्था (Post traumatic stress disorder) लाई पनि PTSD नै भनिन्छ । अभिघातको एउटा कारक युद्ध र द्वन्द्वबाट निर्मित भय/डरत्रास हो भने युद्धको परिणति प्रायः विध्वंसात्मक, नकारात्मक नै हुने भएकाले त्यसबाट सबै उमेर, वर्ग, लिङ्ग वा समुदायका मानिसहरू प्रभावित हुन्छन् । मानसिक अभिघातको विश्लेषण पात्रको व्यक्तिगत व्यक्तित्वको रूपान्तरणतर्फको प्रस्थान, पात्रको व्यक्तिगत व्यक्तित्वको पतन, पात्रको व्यक्तिगत अन्तर्तहको जलन र पात्रको व्यक्तिगत चेतनाको उद्‌बोधनका चार कोणबाट गर्न सकिने आधार रहेको छ (ऐ. पृ.१४७)। समकालीन रचनाकृतिलाई अभिघात सिद्धान्तका कोणबाट पनि अध्ययन विश्लेषण गर्न सकिने आधार रहेकाले मोदिआइन उपन्यास चयन गरिएको छ । युद्धका कारण सिर्जित भएको त्रासद परिवेशबाट त्यस युद्धमा संलग्न वा असंलग्न दुबैथरिले अभिघातको अवस्था व्यहोर्नु परेको हुन्छ । नारी-पुरुष सबै प्रभावित हुने अवस्था रहे तापनि यसबाट नारी गहिरो रूपमा प्रताडित भएका हुन्छन् भन्ने कुरा मोदिआइन उपन्यासका पात्रहरूको अध्ययनबाट देखिन्छ । मनोविज्ञान तथा चिकित्सा क्षेत्रमा व्यापक प्रयोग गरिएको अभिघात चिन्तन साहित्यिक रचनाकृतिको अध्ययन विश्लेषणमा पनि उत्तिकै सान्दर्भिक मानिन्छ । युद्धको वीभत्स परिवेश तथा त्यस युद्धमा बाबु, पति, छोरा दाजुभाइ, प्रेमी वा आफन्तजन आदिलाई गुमाउनु पर्दाको मानसिक सङ्घातको मार्मिक प्रस्तुति रहेको मोदिआइनमा लैङ्गिक अभिघातको प्रयोग रहेको देखिन्छ । उपन्यासका नारी पात्रमा आधारित रहेर यसका निम्ति अभिघात सिद्धान्तलाई पर्याधारका रूपमा लिई गुणात्मक पद्धतिबाट पाठकेन्द्री अध्ययन विश्लेषण ढाँचाको अवलम्बन गरिएको छ ।

## परिणाम तथा छलफल

नेपाली साहित्यिक विधामा अभिघात पक्षको प्रयोग विविध रूपमा भएको पाइन्छ । यस्ता त्रासद परिवेश र चोटका विषयसम्बद्ध रचनाकृतिहरू प्रशस्त लेखिएका भए पनि अभिघातको सैद्धान्तिक अवधारणाअनुरूप तिनको अध्ययन विश्लेषण र मूल्याङ्नको परिपाटी निकै सुस्त देखिन्छ । प्रस्तुत अध्ययनमा *मोदिआइन* उपन्यासमा प्रयुक्त नारी पात्रहरूको अभिघातको पक्षलाई समीक्षा गरिएको छ ।

### उपन्यासको कथासन्दर्भमा अभिघात

मोदिआइन महाभारतको कथाप्रसङ्गलाई पृष्ठाधार बनाइएको औपन्यासिक कृति हो । वैचारिक उत्कृष्टताको नमूनाका रूपमा नेपाली आख्यान साहित्यमा चर्चित उपन्यास 'मोदिआइन' आयामका दृष्टिले सबभन्दा सानो भएपनि विषयवस्तुको व्यापकता र विचारको गहनताका दृष्टिले यसलाई अरूभन्दा ठूलो उपन्यास मान्न सकिन्छ (चापागाइँ र सुवेदी, २०५१, पृ. ७३)। पौराणिक तथा स्वैरकाल्पनिक कथा मिश्रित यस उपन्यासमा समाख्याता १२ वर्षको बालक हुँदाको घटनालाई ४० वर्षपछि त्यसको पुनःस्मरण गर्दै स्मृतिविम्बका रूपमा उपन्यासको कथावस्तु तयार पारिएको छ । दरभङ्गा हेर्न जाने जिद्दी गर्दै 'म' पात्र मिसिरजीसँग पछि लागेर दरभङ्गा पुगेको, एउटा मोदीको घरमा विश्राम लिएको, बालक पात्रलाई मोदिपत्नी मोदिआइनले अत्यन्त माया गरेको, हडाहा पोखरीमा स्नान गर्न जानलाग्दा मोदिआइनले पोखरी वा वापीमा मान्छेले हेलचेक्र्याइँ गर्न हुन्न अनि ठूलो मान्छे

DOI: https://doi.org/10.3126/gyanjyoti.v3i1.53050 

होइन असल बन्नु पर्ने भनी बालकलाई सम्झाएका जस्ता कथ्य प्रस्तुत छन् । कथा भन्ने सन्दर्भमा मोदिआइनले महाभारतकालीन **वापी**लाई किन **हडाहा** पोखरी भनिएको हो ? भन्ने कारणसमेत बताउँदै निकालेकी अत्यन्त रोमाञ्चक, चमत्कारपूर्ण र विष्मयकारी प्रसङ्गमा पनि युद्धाभिघातजन्य केही सङ्केतहरू पाइन्छन् । बालकलाई मोदिआइन स्वयम् रहस्यमयी चरित्रकी लाग्नु तथा एक्लै डरले निदाउन नसकेको बेला छेउमा बसेर फेरि मोदिआइनले महाभारतकालीन कथा सुनाउन थालेकी छ जसको मुखाकृतिमा कथा भन्दै जाँदा एक प्रकारको अनौठो र वीभत्स दृश्यसमेत झल्केको देखिन्छ । मोदिआइनले महाभारतकालीन नारीका आँखाबाट आफ्नै भोगाइजस्तो गरेर सुनाएको महाभारत युद्धको पीडादायक, त्रासदीयुक्त एवम् संहारकारी घटनाको मार्मिक कथाले सङ्घातका विविध पक्षलाई समेटेको देखिन्छ ।

मोदिआइनले 'म' पात्रलाई **हडाहा** पोखरीको प्रसङ्गबाट कथा सुनाउन आरम्भ गरेकी छ । कथामा रेल्वे स्टेसनछेउ रहेको वापीका किनारमा बसेर माछा बेच्ने मछुवारिनको रहस्यमयी व्यक्तित्व, उसभित्रका पीडा र वेदनाका साथै एकप्रकारको नारीतृष्णाले व्याकुल भएका अवस्थाको वर्णन, एकअर्कामा प्रतिद्वन्द्वी भावना राख्ने पाण्डव र कौरबका चरित्र, द्रौपदीलाई हस्तिनापुरको भरी सभामा निर्बस्त्र पार्दै कौरब पक्षले गरेको दुर्व्यबहार आदि कथा भन्ने सन्दर्भमा आएका घटना मानसिक एवम् लैङगिक अभिघातका कारक देखिन्छन् । यसबाट तत्कालीन समयमा पनि सामान्य नारीमात्र होइन, द्रौपदीजस्ता राजघरानाका उच्चकुलीन नारीसमेत आफ्नै परिवारमा सुरक्षित नरहेका तथा उनीहरू विभिन्न किसिमका सङ्घात भोग्न विवश रहेका तथ्य प्रस्तुत भएको छ । हस्तिनापुर र इन्द्रप्रस्थको दरबारिया विलासीपन तथा सत्ता षड्यन्त्रको सटिक उद्घाटन भएको उपन्यासमा मोदिआइनलाई कथावाचकका रूपमा मात्र होइन स्वयम्लाई महाभारतकालीन नारी पात्रमा आरोपित गर्दै उसले आफ्नै कथा सुनाएकी छ । राति तन्द्रावस्थामा कथा सुन्दै जाँदा बालकलाई मोदिआइनले भनेको कुरा स्वप्निल स्मृतिजस्तै लाग्नु, उसका मनमा इन्द्रप्रस्थकी एउटी नारीको आकृति आभास हुनु, आफैँले युद्धविभीषिकाको प्रत्यक्ष अनुभव गरेजस्तो हुनु आदि घटनाको वर्णन रहेको छ । यसका साथै महाभारत युद्धका कारण कैंयौं नारीका आफन्तजनसँगै पतिहरू युद्धभूमिमा मारिएकाले पतिवियोगसँगै बैधव्यको बोझ र यौवनका अतृप्त कामवासनाका मानसिक कुण्ठा बोकेर बाँच्नुपर्ने जुन त्रासदीपूर्ण विवशताको पीडादायी व्यथाको अनुभव नारीले गरेकी छ, त्यो हरयुग र समयमा युद्धका कारण धेरै नारीहरूले भोग्नुपर्ने लैङ्गिक अभिघातजन्य ब्यथाको स्वरूप पनि हो । महाभारतको युद्ध र विनासकारी अवस्थाको चित्रण भनेको हरेक युगमा यस धर्तीमा भइरहने हरेक युद्धको प्रतीकात्मक रूप पनि हो । यसरी मोदिआइन उपन्यासको कथ्य पृष्ठभूमिमा रहेको महाभारतको भीषण युद्ध र रक्तरञ्जित नरसंहारका भययुक्त विविध घटनासन्दर्भले पात्रपात्रामा विभिन्न किसिमका मानसिक र लैङ्गिक अभिघातीय अवस्थाको सिर्जना गरेको र त्यसको प्रकटीकरण भएको देखिन्छ ।

### उपन्यासमा अभिघातको स्वरूप र कारण

प्रस्तुत *मोदिआइन* उपन्यासमा अभिघातका विविध स्वरूप रहेका छन् । यसमा घटना र चरित्रको समन्वितिबाट जीवनका आघात-संघातका विभिन्न पक्षलाई विषयवस्तुका रूपमा समेटिएको छ । मानिस स्वयम्मा चेतनशील संवेदनायुक्त सामाजिक प्राणी भएकाले कुनै पनि घटना वा कार्यले उसमा प्रत्यक्ष-परोक्ष प्रभाव पारिरहेको हुन्छ । आख्यान कृतिमा प्रयुक्त पात्रपात्राको शारीरिक, मानसिक र लैङ्गिक आघात वा सङ्घातको निरूपण गर्दै अभिघात सिद्धान्तले तिनको आन्तरिक र बाह्य पक्षको सूक्ष्म ढङ्गले विश्लेषण गरेको हुन्छ । राजेन्द्र सुवेदीका अनुसार घरायसी पारिवारिक कलह, बेमेल र झैझगडादेखि आफैँले गरेका गल्ती, कुलत वा अपराधबोधको पीडा,

घृणा, हत्या, हिंसा, भय, बलात्कारको चोट, प्रियजनको मृत्यु, वियोग, आत्मीयजनका धोका, सामाजिक, सांस्कृतिक, आर्थिक कारणबाट सिर्जित आघात, द्वन्द्व, युद्धआतङ्क, श्रम क्षेत्रका विभेद, विस्थापन, अस्तित्व सङ्कटको अवस्था तथा मानसिक आवेग-संवेग लगायतका धेरै कारणबाट पनि मानिसमा संघातको स्थिति उत्पन्न भएको हुन्छ (सुवेदी, २०७६, पृ. १४३) । साहित्यिक रचनाकृतिमा अभिघातलाई सिर्जनाको कारक मान्दै यसलाई विभिन्न तरिकाले प्रस्तुत गरिएको हुन्छ भने अभिघातको स्वरूप, कारण र घटनाअनुसार पात्रपात्रामा पूर्वाभिघात र उत्तराभिघातको अवस्थामा विश्लेषण गर्न सकिन्छ । पात्रको विचलित अवस्था आरम्भ हुनुपूर्व पुरुषहरू कौरव र पाण्डवका पक्ष विपक्षबाट लड्नु पर्ने विवशताका साथै उनीहरूको व्यापक नरसंहार, आफन्तजनको वीभत्स मृत्यु आदि अभिघात उत्पन्न गर्ने विविध कारणहरू हुन् भने तिनका परिवारले भोगेका अकल्पनीय त्रासदीपूर्ण मानसिक विक्षिप्तताको परिवेश र त्यसको दीर्घकालीन असर आदिले पात्रहरूमा विभिन्न सङ्घातको सिर्जना गरेको देखिन्छ । मानवीय सङ्घात उत्पन्न गर्ने बीभत्स दृश्यको साक्ष्य हेरौँ: "युद्ध जुध्यो, अठार दिनसम्म अनवरत मृत्यु यन्त्रचालित भइरह्यो; कच कच कच कच असङ्ख्य मानिसका कोमल गर्दन कच कच कच कच काटिँदै गए, काटिँदै गए" (कोइराला, २०५०, पृ.३७) । यी दुबै अवस्थाका अभिघातका स्वरूप मोदिआइन उपन्यासका पात्रहरूमा पाइन्छन् । उपन्यासमा अभिघातको कारणको रूपमा अनिच्छित महाभारतको युद्धको वातावरण हो जसमा हस्तिनापुर र इन्द्रप्रस्थ दुबैतिरका पुरुषहरू परस्परमा विरोधी बनेर पाण्डव कौरव सेनाबाट अनिवार्य युद्धमा होमिन बाध्य भई सबै कुरुक्षेत्रमा मारिंदा तिनका आश्रित परिवारहरू शोकले अभिघातको सिकार बन्न पुगेका छन् । निष्कर्षमा के देखिन्छ भने मोदिआइन उपन्यासमा प्रस्तुत भएका अभिघातको कारक मानिस स्वयम् हो र उसैले निर्माण गरेको घटनाचक्रले महाभारतजस्ता भीषण युद्धहरू हुने तथा तिनबाट अन्य कैयौं निर्दोष मानिसहरू अभिघात पीडित भएर तड्पिरहनु पर्ने अवस्था हुन्छ । यिनै पक्षहरूका आधारमा मोदिआइन उपन्यासका पात्रहरूमा रहेका अभिघातको स्वरूप विश्लेष्य विषय बनेका छन् ।

**उपन्यासमा अभिघातका अभिलक्षण**

मोदिआइन महाभारतको मिथकीय पुनःसिर्जन गरिएको औपन्यासिक रचना हो । कौरव र पाण्डवबीच कुरुक्षेत्रमा भएको भीषण महाभारत युद्धमा लाखौँलाख मानिस प्रत्यक्ष अप्रत्यक्ष रूपमा संलग्न भई हताहत भएको मानिन्छ । यसबाट सिर्जित भयको परिस्थितिले तत्कालीन जनजीवनमा पारेको सामाजिक मानसिक दुष्प्रभावको लेखाजोखा हुनु कठिन देखिन्छ तापनि तिनको अभिघातजन्य पीडालाई सर्जकहरूले केही अंशमा रचनाका पात्रमार्फत आवाज दिने प्रयत्न गरेका हुन्छन् । मानिसले आफूभित्रको पीडालाई पटकपटक अभिव्यक्त गर्नु र एउटै किसिमको असामान्य व्यवहार बारम्बार देखाउनु अभिघातको प्रमुख लक्षण हो । मोदिआइन उपन्यासकी प्रमुख नारी पात्र मोदिआइन जो सन्तानहीन पनि छ, उसले बालक "म' पात्रलाई असामान्य रूपले माया देखाउनु, हडाहा पोखरीको रहस्यमयता र भयावहताको चित्रणद्वारा बालकका मनमा त्रास उत्पन्न हुनु, पोखरी, तलाउ वा नदीनालामा हेलचेक्र्याइँ नगर्न बारम्बार सतर्क गराउनु अनि कथा सुनाउने क्रममा महाभारतकालीन नारीका कथाव्यथालाई प्रस्तुत गर्दा त्यसभित्र आफ्नै पीडालाई पनि आरोपित गरेर मार्मिक प्रकटीकरण गर्नु पनि उसमा रहेको मानसिक अभिघातको लक्षणका रूपमा बुझ्न सकिन्छ । त्यस्तै अर्की पात्र नारीका निम्न अभिव्यक्तिले पनि पूर्वाभिघातका अभिलक्षण प्रस्तुत गर्दछन्: "कहिले मनमा आशङ्का पनि हुन्थ्यो कि मेरो सुखको यो शान्तिमय जीवनमा कहीँबाट क्यै बाधा त पर्दैन !"(कोइराला, २०५०, पृ. ३९) । यसबाट पाण्डव कौरवबीच युद्ध हुन्छ रे भन्ने

हल्ला सुनेपछि नारीको मनमा उब्जेको आशङ्काले उसमा मानसिक अभिघातको सिर्जना हुन थालेको देखिन्छ भन्ने त्यस्तै अर्को साक्ष्य :

> समरको शब्द सुन्नासाथ हामी नारीहरू भयले काँप्न थाल्यौ । मनमनैमा आफ्ना पति, भाइ, दाजु वा काकाहरूलाई सम्फेर ईश्वरसँग पुकारा गर्न थाल्यौँ - हे ईश्वर, सबैको रच्छे गर । म भरखर यौवनको प्रथम प्रहरमा उभिएकी नारी बाण लागेकी हरिणीजस्तै छट्पटाउँदै भन्थेँ- मेरो ललाटको सिंदूर, परमात्मा कहिले पनि नपुछ (ऐ. पृ.४३) ।

उपर्युक्त कथनबाट उपन्यासमा वर्णित त्यस समयसन्दर्भमा राज्यमा हुन लागेको युद्धको खवरबाट आमनागरिकमा  के कस्तो खालको मानसिक आघात वा प्रभाव परेको थियो भन्ने प्रष्टिन्छ । त्यसबेला कसले कसैलाई सान्त्वना दिनसक्ने अवस्थामा नभई सबै एकनाससँग पीडित हुने त्रासदीमा रहेका कारण पात्रहरू पूर्वाभिघातको चरणमा गुज्रिरहेको देखिन्छन् । त्यसैगरी महाभारत युद्ध भएपछिको जीवित मानिसहरूले अनुभूत गरेका सन्दर्भले उत्तराभिघातको अवस्थाको सङ्केत गरेका छन्:

> मेरो एउटा मृत्यु त कुरुक्षेत्रमा भयो । जुन दिन मेरा पति मरे होलान्; अर्को मृत्युका लागि धेरै दिन पर्खिनु परेन । मलाइ थाहा छैन कुन दिन म मरें, कुन दिन मेरो देह विसर्जित भयो । म सरह लाखौं लाख नारीहरूको प्रेतात्मा आफ्नो अनन्तको बैधव्यको व्यथा बोकेर चौधे भुवनमा भौंतारिएर हिंडिरहेका छन्, आफ्ना प्यारालाई खोज्दै । (पृ.५७-५८)

कुरुक्षेत्रको व्यापक नरसंहारकारी युद्ध विभीषिकाको विध्वंस र सन्त्रासमय परिवेशबाट नारी पात्रको मनोदशामा गहिरो आघात पारेको छ । सोही मानसिक अभिघातको चित्रण प्रस्तुत गर्ने उपर्युक्त उपन्यासांशले युद्धपछि जीवित रहेका नारी  लगायतका तमाम मानिसहरूको पीडा र वेदनाका चित्कारहरू अभिव्यक्त गरेको पाइन्छ । महाभारतमा अठार दिन चलेको भनिएको युद्धको दुष्परिणाम युगौँयुगसम्म भोग्नु पर्ने तथ्यको प्रकटीकरणले अभिघातको चिरकालीन नकारात्मक असरलाई छर्लङ्ग बनाउँछ । अभिघात पीडित व्यक्तिले आफूभित्र दमित भएको आघातयुक्त संवेगका कुरालाई बारम्बार दोहोर्याउँदा उसभित्र रहेको अभिघातको दबाब कम हुने भएकाले आफू प्रताडित बनेको र आफूलाई चोट पुर्याएको त्यही घटनासँग सम्बन्धित दुःखद अनुभव अरूसँग पटकपटक व्यक्त गरी अभिघातको दबाब कम गर्दै त्यसबाट बाहिर निस्किएर जीवन सुरक्षित पार्ने प्रयास हो भन्ने फ्रायडको विचार मोदिआइन उपन्यासकी पात्र मोदिआइन र नारीका विभिन्न अभिव्यक्तिमार्फत प्रष्ट पारिएको छ ।

## लैङ्गिक अभिघात

लिङ्ग भेदका आधारमा विभिन्न किसिमका पीडा, हिंसा वा अन्य शारीरिक मानसिक आघात/व्याघात भोग्नु पर्ने अवस्था लैङ्गिक अभिघात हो । सामान्य रूपमा प्राकृतिक आधारमा मानिसका नारी र पुरुष दुई लिङ्ग मान्ने परम्परित मान्यता स्थापित रहे पनि लैङ्गिक अध्ययनको दृष्टिले समलिङ्गी, तेस्रो लिङ्गी तथा संदिग्ध आदि पनि महत्त्वपूर्ण मानिन्छन् । अभिघातको पूर्वआधुनिक सन्दर्भको चर्चा गर्ने क्रममा राजेन्द्र सुवेदीको महाभारत र रामायणमा नारीमनोघातका सन्दर्भहरू प्रशस्त समेटिएका छन् तर पनि त्यस्ता कथ्यहरू अभिघात सिद्धान्तको आधारमा विवेचना भएका छैनन् (सुवेदी, २०७१, पृ. १४८) भन्ने विश्लेषणबाट मोदिआइन उपन्यासमा प्रस्तुत नारी पात्रलाई अध्ययन गर्न सकिने आधार देखिन्छ । उपन्यासको प्रमुख केन्द्रमा राखेर उनीहरूकै माध्यमबाट कथ्य/घटना प्रस्तुत गरिएकाले यस अध्ययनमा पनि मूलतः नारी पात्रहरूकै मनोअभिघातको चित्रण गरिएको छ ।

DOI: https://doi.org/10.3126/gyanjyoti.v3i1.53050 

प्रस्तुत *मोदिआइन* पात्रविधानका दृष्टिले नारी चरित्रप्रधान उपन्यास हो । पौराणिक इतिहासको सर्वाधिक चर्चित घटना महाभारत युद्धलाई स्वैरकाल्पनिकताको पुट दिएर इतिहास र वर्तमानका बीच तादात्म्यता र पुनर्व्याख्या गरिएको छ । हरेक युगमा मानवले आफ्नो उच्चताको अहम् प्रस्तुत गर्दा युद्धपिपासु भई विभिन्न विनासकारी भयावह अवस्थाको आफैँले सिर्जना गरेको छ भने सीमित व्यक्तिको सनकले उत्पन्न परिस्थितिको अभिघातजन्य पीडा कैयौं मानिसले अनन्तकालसम्म पनि भोगिरहनु पर्नेछ । मानव सभ्यतालाई युद्धैयुद्धको श्रृङ्खला बनाएर त्यसले गर्दै आएको सर्वनाशको लेखाजोखा गर्न असम्भव छ भने यसको डढेलोले पुरै समाज र विशेषतः नारीलाई डढाएको छ । यस तितो यथार्थलाई मोदिआइन नामक नारी पात्रले पूर्वस्मृति शैलीमा सत्ययुगका घटना र चरित्रलाई वर्तमानको परिप्रेक्ष्यमा प्रस्तुत गरेकी छ । प्रस्तुत उपन्यासको कथ्यमार्फत सङ्केतित मानसिक, लैङ्गिक अभिघातबाट अत्यधिक ग्रसित नारी पात्रहरूलाई यसप्रकार देखाइएको छ ।

**(क) नारी**

'मोदिआइन' उपन्यासमा एक सूच्य पात्रको रूपमा नारीको उपस्थिति रहेको देखिन्छ । उसका कथाव्यथालाई मुखपात्र बनेर मोदिआइनले अभिव्यक्ति दिएकी भए पनि नारी अभिघातीय मर्मलाई बहन गर्ने सशक्त प्रतीकात्मक पात्र हो । उसले हजारौँ वर्षअघि महाभारतकालीन कुरुक्षेत्रको महायुद्धमा आफ्ना पतिका वीभत्स हत्या भोगेका असङ्ख्य नारीहरूको प्रतिनिधित्व पनि गरेकी छ । उपन्यासमा समाख्याता पात्र मोदिआइनका माध्यमबाट महाभारतकालीन नारीका कथाव्यथाहरू विस्तारमा वर्णन गरिएका छन् । उपन्यासमा 'नारी' भनेर सम्बोधन गरिएकी नारी पाण्डव पक्षीय एक क्षत्रीय परिवारकी छोरी र कौरव पक्षीय वीर सिपाहीकी नवविवाहिता पत्नी हो । बाल्यकालमै पाण्डवहरूको वनबाससँगै नारीको परिवारले शरणार्थी भएर कौरव राज्यमा पुगेर उपेक्षित हुँदा उसमा मानसिक हिँसाको एक किसिमको मनोवैज्ञानिक त्रास देखिन्छ भने युवती भएपछि शत्रु सेनाले केही गर्लान कि भनी लुकीछिपी हिड्नु पर्दा पनि उसमा शारीरिक तथा मानसिक भय बढेको छ । यस्ता पूर्वाभिघातका सन्दर्भहरू र उसले विवाह गरेपछि झनै वृद्धि भएका छन् भन्ने साक्ष्य :

> समरको शब्द सुन्नासाथ हामी नारीहरू भयले काँप्न थाल्यौ । मनमनैमा आफ्ना पति, भाइ, दाजु वा काकाहरूलाई सम्झेर ईश्वरसँग पुकारा गर्न थाल्यौँ - हे ईश्वर, सबैको रच्छे गर । म भरखर यौवनको प्रथम प्रहरमा उभिएकी नारी बाण लागेकी हरिणीजस्तै छट्पटाउँदै भन्थेँ- मेरो ललाटको सिंदूर, परमात्मा कहिले पनि नपुछ । (कोइराला, २०५३, पृ. ४३)

नारीले आफ्ना अन्य प्रियजन बाबु, काका, दाजुभाइ अनि आफ्नो पतिलाई पनि अनिच्छापूर्वक कुरुक्षेत्रको युद्धमा बिदाई गर्नु परेको छ । आँखामा दाम्पत्य जीवनको सुनौला सपनाहरू सजाएर भर्खर गृहस्थी जीवनमा प्रवेश गरेकी युवती नारीमा पाण्डव र कौरव पक्षबीच अंशबण्डाको झगडाले पुनः युद्ध हुने भनी बारम्बार फैलिएका खबरबाट निराशा र संशयको मनोदशाले पूर्वाभिघातको अवस्था उत्पन्न भएको छ । भयग्रस्त परिवेशको आँकलनले हरपल युद्ध नहोस् र शान्तिले बाँच्न पाइयोस् भनी कामना गर्ने नारी अन्य सहेलीहरूसँग तड्पिदै बसेकी छ । युद्धमा आफ्नो पतिलाई गुमाउनु पर्दाको पीडाले असीम मानसिक आघात पैदा भएपछि ऊ प्रियतमको खोजीमा जुगौँदेखि भौँतारिई रहेकी र कहिल्यै पनि मनमा शान्ति पाउन नसकेको चर्चाबाट उसमा पश्चाभिघातको स्थिति प्रबल देखिन्छ :

> मसँग मेरा प्राणाधार बिदा भएर जाने बित्तिकै मेरो जीवनबाट तमाम रस सुकेर गयो । मलाई चारैतिर अँध्यारो लाग्यो, छट्पटिँदै कहिले यता कहिले उता भौँतारिन थालेँ । त्यस समय कसले कसलाई सान्त्वना

दिन सक्थ्यो र !... सबै एकनाससँग पीडित थिए, सबैले आआफ्ना प्राणप्यारा पतिलाई भर्खरै मृत्युको द्वारमा जान बिदा दिएका थिए । (पृ. ४६-४७)

उपर्युक्त कथनले महासमरमा आफ्ना पतिहरू वा छोरा, दाजुभाइ आदिलाई अनिच्छापूर्वक बिदाई गरी पठाएपछि उनीहरू युद्धबाट सकुशल फर्किआउलान् भन्ने आशा मरेका नारीहरूको भयको अभिव्यक्ति देखिन्छ । यस्तो भयाघातको अवस्था हरेक युगका मानिसले सामना गरिरहनु पर्ने युगीन यथार्थ पनि हो । त्यस्तै युद्धमा पतिको भयावह मृत्युपश्चात् अचेत र विक्षिप्तजस्ता भएका नारीहरूको संघातको चित्र “लाखौँ पुरुष मारिए । पृथ्वी पुरुष शून्य भयो । केवल बिधवा नारी आफ्ना असहाय बाल सन्तानलाई आफ्नो पागल छातीमा टाँसेर बाँचिरहे यस लोकमा” (पृ.५७) भनेर प्रकट गरिएका मानसिक विक्षिप्तिका भावहरू हुन् या “बिधवा मरिसकेकी नारी हो, जसको देह कालान्तरमा ढलेर समाप्त हुन्छ” (ऐ) भन्ने कथनले तत्कालीन समाज र समयसन्दर्भमा बिधवा नारीले भोग्नु पर्ने कठोर सामाजिक, सांस्कृतिक मूल्यमान्यताका बन्धन र तिरस्कारलाई पनि अभिघातकै रूपमा व्याख्या गर्न सकिन्छ । “मसरह लाखौँलाख नारीहरूको प्रेतात्मा आफ्नो अनन्तको वैधव्यको व्यथा बोकेर चौधै भुवनमा भौँतारिएर हिँडिरहेका छन्, आफ्ना प्यारालाई खोज्दै” (पृ.५८) भन्ने कथनले नारीहरू शदियौँदेखि मानसिक अभिघातको सिकार बनेका देखिन्छन् ।

प्रस्तुत उपन्यासमा महाभारतकालीन पात्र नारीका माध्यमबाट उनीहरूले जीवनमा अनेकन् भयबाट गुज्रिनु पर्ने अभिघातको अवस्थालाई देखाइएको छ । यसका साथसाथै कसैको सनकमा हुने युद्धको दुष्परिणामको भागीदार हुन विवश नारीहरू नै आफ्ना प्रियजनलाई गुमाएर बैधव्यको बोझले प्रताडित छन् । लैङगिक रूपमा उपेक्षित उनीहरू सामाजिक लाञ्छना र दुर्व्यवहारले जिउँदै मरेतुल्य भई अनेकौँ मानसिक सङ्घातबाट सदैब पीडित बन्नु परेको मार्मिकता प्रकट भएको छ ।

**(ख) मोदिआइन**

उत्तर भारतको एउटा मोदिकी श्रीमती मोदिआइन उपन्यासमा प्रमुख पात्र समाख्याताका रूपमा उपस्थित भएकी छ । वास्तबमा ऊ यस उपन्यासका तीनजना पात्रहरू मछुवारिन, नारी र स्वयम्को समष्टि रहस्यमयी व्यक्तित्व पनि हो साथै महाभारतकालीन र वर्तमान समाजको सम्बन्धसेतु व्याख्याताका रूपमा रहेकी छ । रोगी बुढो मोदीकी स्वास्नी *मोदिआइन* सन्तानविहीनताले आफैँ मातृवात्सल्यबाट वञ्चित भई एक प्रकारको अव्यक्त मानसिक आघातले पीडित भएकीले त्यसबाट आफ्नो व्यक्तित्वको रूपान्तरण चाहेको उसले ‘म’ पात्रलाई गरेको स्नेही व्यवहारबाट पुष्टि हुन्छ । कथित ठूला मान्छेको व्यवहारबाट भयग्रस्त मोदिआइनले ठूलो होइन असल बन्नपट्टि लाग्नू भनेर बालकलाई दिएको अर्ति, प्राचीन हडाहा पोखरीको भयावहता र त्यसको उत्पत्तिको कथाले भयभीत बालकलाई निर्भय बनाउन महाभारतको अर्को कथा भन्न सुरू गरेकी उसले आफ्नै पीडादायी अतीतलाई नारीको कथाका रूपमा प्रकटीकरण गरेको देखिन्छ : “एकनासको स्वरमा कथा वर्णन गर्दागर्दै मोदिआइन मेरो अर्धचेतनमा इन्द्रप्रस्थकी एउटी नारीसँग मिसिन पुगी...आफ्नै जीवनको वृत्तान्त जस्तो गरेर कथा भन्न थाली” भन्ने यस सङ्कथनले मोदिआइनले प्रत्यक्ष संलग्न भएर सुनाएका महाभारतकालीन नारीका जम्मै कथा अरूका नभई ऊ स्वयम्कै हुन् भन्ने बुझिन्छ । निष्कर्षमा मोदिआइन यस उपन्यासकी केन्द्रीय नारी पात्र हो जसले हरेक युगका नारीहरूले भोगिरहेका विविध प्रकारका मानसिक सङ्घातहरूलाई अभिव्यक्ति दिएकी छ । उपन्यासकी समाख्याता

DOI: https://doi.org/10.3126/gyanjyoti.v3i1.53050 

पात्र मोदिआइन स्वयम् त्यही अवस्थाबाट पीडित नारी भएकीले उसले हरेक नारीका अभिघातीय मर्महरूलाई कथाका माध्यमबाट प्रस्तुत गर्न सक्षम देखिन्छे ।

**(ग) मछुवारिन**

प्रस्तुत उपन्यासमा उल्लिखित पात्र मछुवारिन एक रहस्यमयी सूच्य चरित्र हो । हडाहा पोखरीको डिलमा बसेर माछा बेच्ने ऊ पनि महाभारतकालीन योद्धाकी पत्नी हो जो आफ्नो पतिको मृत देहको खोजीमा भड्केकी नारी प्रेतात्मा हो । यस कुराको सङ्केतबाट ऊ पनि अभिघातग्रस्त नारी हो भन्ने देखिन्छ । तान्त्रिकलाई माछा बेचेर कुनै प्रश्नको जवाफ नदिई एकैछिनमा अलप भएकी मछुवारिन विषादग्रस्त नारीको रूपमा चित्रित गरिएको छ । म' पात्र बालकको महाभारतको कालका मानिसहरू पनि त्यति पछिसम्म बाँच्छन् र ? मछुवारिन थी र साँच्चै ? भन्ने प्रश्नको जवाफमा मोदिआइनले "किन बाँच्दैनन् ? प्रेतात्मा भएर जुगजुगान्तसम्म बाँचिराख्छन् । आफ्ना प्रियजनको नजिकै भइरहन खोज्छन् । कुनै न कुनै वाञ्छाले, कुनै न कुनै पूर्ति नभएका कामनाले ..(.पृ. २३) भन्ने कथनले मछुवारिन स्वैरकाल्पनिक तथा रहस्यमयी पात्र रहेको देखिन्छ । उसमा अभिघातका कारण र अभिलक्षणको स्पष्ट रेखाङ्कन नभए पनि उसको हाँसोले भरिएको चेहरामा तत्कालै विषाद् र वेदनाले ढाकिएको देख्ने तान्त्रिकको कुराले मछुवारिन महाभारतकालीन विध्वंसात्मक युद्धको परिणति युगौँसम्म भोग्न विवश नारीको प्रतीकात्मक प्रतिनिधि पात्र हो भन्ने देखिन्छ ।

**(घ) द्रौपदी**

उपन्यासमा केवल सूच्य/नेपथ्य पात्रको रूपमा मात्र मिथकीय चरित्र द्रौपदीको उल्लेख गरिएको छ । महाभारत युद्धघटनाको एउटा प्रमुख कारकका रूपमा अङ्कित गरिएकी नारी द्रौपदी शक्तिशाली पाँच पाण्डवकी पटरानी पनि हो । धर्मराज भनिएको आफ्नै पति युधिष्ठिरबाट हस्तिनापुरको समस्त राजपाटको बाजी हारपछि जुवाको खालमा वस्तुसरह दाउमा थापिएकी नारी द्रौपदीले कौरव सभामा दुःशासनद्वारा सबैसामु चीरहरण भई भोगेको घोर बेइज्जती लैङ्गिक अभिघातको एउटा कारक र उदाहरण हो । चीरहरणको यस घटनाले उसको आत्मसम्मानमा परेको अभिघात, मानसिक चोट तथा त्यसको बदलाको भावनाको उद्‌बोधनलाई बेवास्ता गर्न मिल्दैन । चीरहरणको घटना एउटी नारीको अपमान मात्र नभई अनिष्टको ठूलो सूचक हो भनिए पनि द्रौपदी नारी भएकै कारणबाट उसले पुरुषहरूबाट शारीरिक तथा मानसिक संघात व्यहोर्नु परेका यस पक्षलाई उपन्यासमा गौण बनाइएको छ । यही मानसिक आघातले मर्माहत भई द्रौपदीले धिक्कारिन् रे - "हे मेरा कहलाइएका वीर पति हो ! के तिमीहरूले भरिएको राजसभामा भएको मेरो बेइज्जती बिर्सियौ ?"...तर उनको यस पीडादायी प्रतिक्रियालाई अस्वाभाविक ठान्दै "हामीलाई द्रौपदीका यस्ता वचन नारीका मर्यादाको अनुरूप लागेन" (पृ.४१) । उपर्युक्त आशयले द्रौपदी लैङ्गिक रूपमा नारी भएकीले उसले आफूमाथिका हिंसा सहेर आफ्नो व्यक्तित्व, आक्रोस, पीडा व्यथा सबै दबाएर राख्नु पर्ने भन्ने किसिमको विचारले लैङ्गिक अभिघातलाई दबाउन खोजेको देखिन्छ ।

**निष्कर्ष**

अभिघात आन्तरिक र बाह्य कारणको परिणाम हो । विश्वेश्वरप्रसाद कोइरालाद्वारा रचित *मोदिआइन* लैङ्गिक अभिघातको प्रस्तुति भएको औपन्यासिक कृति हो । यस उपन्यासले पृष्ठभूमिमा महाभारतको मिथकीय घटनालाई राखेर त्यसकै परिधिमा नरसंहारकारी युद्धको विध्वंसात्मक पक्ष, त्यसका दुष्परिणाम तथा तिनबाट

युगौँसम्म पीडित भएर यातना भोगेका मानिसका आवाजलाई मुखरित गरिएको पाइन्छ । यस अध्ययनमा मोटामोटी रूपमा अभिघातको परिचयसहित मोदिआइन उपन्यासमा अभिघातको अवस्था र त्यसबाट अत्यधिक ग्रसित नारी पात्रहरूमा केन्द्रित रहेर लैङ्गिक अभिघातको पक्षलाई प्रस्तुत गरिएको छ । मिथकीय घटनाको पुनर्व्याख्या गर्दै मानिसले आफ्नो मानवीय धरातल छाडेर देवत्वमा आरूढ हुन खोज्दाको उन्मादले ऊ मात्र होइन, सारा मानव समुदाय नै सङ्कटापन्न अवस्थामा पुग्दछ भन्ने यथार्थ मानिसले विभिन्न कालखण्डमा भएका युद्धबाट अनुभूत गरेको पाइन्छ । यस्ता प्रलयकारी विध्वंसबाट हरेक वर्ग, समुदायका समग्र मानव जातिले नै अनेकौं प्रकारका अभिघातजन्य अवस्थाको सामना गर्नुपर्ने हुन्छ भन्ने व्यापक छलफल तथा अध्ययन विश्लेषणको विषय पनि हो । विभिन्न कारणवश विगतदेखि वर्तमानसम्म प्राकृतिक तथा मानवनिर्मित अनेक सङ्घात भोग्न अभिशप्त मानवजातिको नियति रहेको परिप्रेक्ष्यमा अभिघातको सैद्धान्तिक पर्याधार बनाएर साहित्यिक कृतिको अध्ययन, विश्लेषण र मूल्याङ्कन गर्ने प्रवृत्ति रहेको छ । 'मोदिआइन' उपन्यासको यस अध्ययनबाट अभिघात भनेको विभिन्न किसिमका द्वन्द्व र युद्धबाट उत्पन्न जटिल मानसिक विषाद्को जटिल अवस्था भएकाले महाभारत युद्धका कारण सिङ्गो मानव समुदाय नै प्रभावित बनेको देखिन्छ । युद्धबाट मूलतः असंलग्न रहँदारहँदै पनि मानसिक सङ्घात व्योहोर्नु पर्ने भएकाले नारीहरू लैङ्गिक अभिघातबाट बढी मात्रामा प्रताडित बन्न पुगेका हुन्छन् भने ती अभिघातग्रस्त जुनसुकै वर्ग, जाति, स्तर र समुदायका नारी-पुरुष पनि हुन सक्दछन् । यस अध्ययनबाट व्यक्तिमा अभिघातको नकारात्मक प्रभाव अनिश्चित कालसम्म पनि निरन्तर कायम रहिरहने निष्कर्ष प्राप्त भएको छ । समग्रमा मोदिआइन उपन्यासमा लैङ्गिक अभिघातको अवस्था प्रबल रहेकाले अभिघात सिद्धान्तका आधारमा अध्ययन विश्लेषण उपयुक्त देखिएको छ ।

## सन्दर्भसामग्री

कोइराला, विश्वेश्वरप्रसाद.(२०४०). *आफ्नो कथा.* साझा प्रकाशन ।

कोइराला, विश्वेश्वरप्रसाद. (२०५०). *मोदिआइन* (तेस्रो संस्क.) साझा प्रकाशन ।

चापागाइँ, नरेन्द्र र दधिराज सुवेदी. (२०५१). *कोइरालाका साहित्यको समग्र अध्ययन.* प्रतिभा पुरस्कार प्रतिष्ठान ।

पाण्डे, ज्ञानू. (२०६२). *विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासमा अस्तित्ववाद.* नेपाली आख्यान समाज ।

बराल, ऋषिराज. (२०५६). *उपन्यासको सौन्दर्यशास्त्र.* साझा प्रकाशन ।

बराल, कृष्णहरि र नेत्र एटम. (२०५८). *उपन्यास सिद्धान्त र नेपाली उपन्यास.* साझा प्रकाशन ।

भट्टराई, गोविन्दराज. (२०६४). *उत्तरआधुनिक विमर्श.* मोर्डन बुक्स ।

भाउपन्थी. (सम्पा.)(२०७०). *आख्यानकार विश्वेश्वरप्रसाद. पुनर्पाठ.* नेपाल प्रज्ञा-प्रतिष्ठान ।

शर्मा, मोहनराज. (२०६६). *आधुनिक तथा उत्तरआधुनिक पाठकमैत्री समालोचना.* क्वेस्ट पब्लिकेसन ।

शर्मा, मोहनराज. (२०७१). *कृतिगत अभिघातको खोजी र अभिघात अध्ययन.* जुगल सैद्धान्तिक समालोचना (सम्पा. राजेन्द्र सुवेदी). जुगल पब्लिकेसन प्रा.लि ।

शर्मा, हरिप्रसाद. (२०६१). *विश्वेश्वरप्रसाद कोइरालाका कथा.*(तेस्रो संस्क.). साझा प्रकाशन ।

सुवेदी, राजेन्द (सम्पा.). (२०७१). *जुगल सैद्धान्तिक समालोचना.* जुगल पब्लिकेसन प्रा.लि.।

सुवेदी, राजेन्द (सम्पा.). (२०७३). *सांस्कृतिक अध्ययन र नेपाली साहित्य.* पाठ्यसामग्री पसल ।

सुवेदी, राजेन्द (सम्पा.). (२०७६). 'अभिघात सिद्धान्त'. *रत्न वृहत नेपाली समालोचना* (सैद्धान्तिक खण्ड).(दो.सं.). रत्न पुस्तक भण्डार, पृ. १४०-१५३ ।

http;//annals-general-psychiatry.biomedcentral